# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परिक्षण प्रतिवेदन

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

आर्थिक वर्षः २०८१/८२

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

## प्रतिवेदन निर्माणकर्ता

## लैससास परिक्षण कार्यदल

डिल्लीप्रसाद संजेल — संयोजक

माहाशाखा प्रमुख, प्रशासन माहाशाखा

(रोसुना कोईराला) — सदस्य

शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय

(सुष्मा बन्जारा) — सदस्य

कृषि अर्थ विज्ञ, योजना तथा अनुगमन माहाशाखा

(शर्वरी भट्टराई)- सदस्य-सचिव

कृषि अर्थ विज्ञ, खाद्य सुरक्षा तथा अनुगमन माहाशाखा

---

स्वीकृत

---

डा. पशुपति ढुङ्गाना)

प्रदेश सचिव

प्रदेश सचिव

मितिः २०८३/०१/२२

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## विषय सूचि


१. पृष्ठभूमि

२. अध्ययननको महत्व

३. लैङ्गिक बजेट परीक्षणको उद्देश्यहरू

४. लैङ्गिक परीक्षणले समेट्ने क्षेत्रहरू

५. लैङ्गिक परीक्षणको विधि र तरिका

६. लैङ्गिक परीक्षणका सहभागिहरु

७. लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु

८. लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरू

९. लैससास बजेट परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

१०. परिक्षण पश्चात सूचकहरूले प्राप्त गरेका अङ्क

११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू

१२. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

१३. निष्कर्ष

१४. सुझाव

१५. अनुसूचीहरू

- अनुसूची -१ लैङ्गिक सभानता तथा सामाजिक समावेशीकरण परिक्षण सूचक (प्राप्ताङ्क र प्रमाणीकरण आधार सहित)
- अनुसूची -३ लैससास सबल र दुर्वल पक्ष तथा अवसर र चुनौती विश्लेषण तालिका
- अनुसूची -४ लैससास परिक्षणवाट प्राप्त प्रमुख उपलब्धिहरु
- अनुसूची -५ लैससास कार्यान्वयन कार्ययोजना
- सहभागी नामावली, वैठक निर्णयहरू तथा तस्वीरहरु


प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## १. पृष्ठभूमि

नेपालको संविधानले निर्दिष्ट गरेको समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्न राज्यका सबै अंग, तह तथा क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा संस्थागत गर्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्य राखिएको छ। यस सन्दर्भमा प्रदेश सरकारअन्तर्गतका निकायहरूको लैससास परीक्षणमार्फत यसको वर्तमान अवस्था पहिचान गरी सुधारका लागि संस्थागत संरचना तथा कार्यक्रमहरूमा सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सशक्तीकरणलाई सुदृढ बनाउने व्यवस्था गरिएको छ। साथै, प्रदेश सरकारको विकास प्रक्रियामा लक्षित वर्गको निर्णयात्मक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण अभिवृद्धि गर्ने र सबै योजना तथा कार्यक्रमहरूको प्रत्येक चरणमा लैससासमैत्री अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गरिने लक्ष्य लिइएको छ।

नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हक अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था छ। साथै धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था लगायत कुनै पनि आधारमा भेदभाव गर्न नपाइने प्रावधान रहेको छ। संविधानको धारा ३८ ले महिलालाई समान अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागिताको अधिकार, सम्पत्ति तथा पारिवारिक मामिलासम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था सुनिश्चित गरेको छ। साथै महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरू कानून बमोजिम दण्डनीय हुने व्यवस्था पनि गरिएको छ।

संविधानले सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, पिछडीएका वर्ग, सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित तथा आर्थिक रूपमा विपन्न नागरिकहरूको संरक्षण, सशक्तीकरण तथा विकासका लागि विशेष व्यवस्था गर्न सकिने प्रावधानमार्फत समावेशीकरणको अवधारणालाई आत्मसात गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समानुपातिक प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता गरेको छ।

यही सन्दर्भमा योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन, संवैधानिक तथा कानूनी दायित्व पूरा गर्न तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप कार्य गर्न लैससासलाई संस्थागत गर्दै लैङ्गिक उत्तरदायी समावेशी विकास प्रवर्द्धनका लागि लैससास परीक्षण (लेखाजोखा) आवश्यक भएको हो।

प्रदेश सरकार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१" जारी गरेको छ। मन्त्रालयद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरूलाई लैससासमैत्री बनाउन तथा मूलप्रवाहीकरणका लागि सबै सरोकारवालालाई उत्तरदायी र जिम्मेवार बनाउन मार्गनिर्देशन गर्ने उद्देश्यले उक्त कार्यविधि लागू गरिएको हो।

उक्त कार्यविधिअनुसार लैससास परीक्षण कार्यलाई सहजीकरण गर्ने क्रममा मिति २०८३ वैशाख ११ गते उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सम्बन्धित कर्मचारीहरूको सहभागितामा लैससास परीक्षण कार्य सम्पन्न गरिएको थियो।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## २. अध्ययनको महत्व

यस मन्त्रालयमा लैङ्गिक समानताको विद्यमान अवस्थाको जानकारीका साथै समग्र समस्या र चुनौतीहरूको पहिचान गर्न एवं यस मन्त्रालयका योजना तथा कार्यक्रमहरूको दक्षता र प्रभावकारिताको लेखाजोखा तथा मूल्याङ्कन गरी नीतिगत पृष्ठपोषण लिने।

## ३. लैङ्गिक बजेट परिक्षणको उद्देश्यहरु

- मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण भए/नभएको तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) आन्तरिकीकरणका लागि गरिएका प्रयास तथा प्रतिबद्धताको मूल्याङ्कन गर्ने।
- मन्त्रालयको संस्थागत संरचना तथा सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवस्था पहिचान गर्ने।
- लैससास परिक्षणवाट प्राप्त नतिजाका आधारमा आगामी दिनका लागि सुधार गर्न कार्ययोजना वनाई सिफारिस गर्ने।

## ४. लैङ्गिक परिक्षणले समेट्ने क्षेत्रहरू:

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण कार्यविधि, २०८१ को अनुसूची १ मा व्यवस्था भए बमोजिम तलका ५ वटा क्षेत्रलाई समेटेर लैङ्गिक परिक्षण गरिएको थियो।

(क) नीति, कानुन, योजना तथा कार्यक्रम
(ख) संस्थागत व्यवस्था
(ग) मानव संसाधन तथा क्षमता विकास
(घ) सुशासन तथा उत्तरदायित्व
(ङ) सेवा प्रवाह

## ५. लैङ्गिक परिक्षणका विधि र तरिका

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधि तथा प्रक्रिया देहायअनुसार सम्पन्न गरिएको थियो।

### ५.१ लैससास परीक्षणको लागि तयारी बैठक तथा सम्बन्ध स्थापना

लैससास परीक्षणको विधि र प्रक्रियाका लागि मन्त्रालयका सम्वन्धित पदाधिकारी एवं लैङ्गिक सम्पर्क व्यक्तिहरूबीच सम्बन्ध वैठकहरू सम्पन्न गरिएका थिए।

### ५.२ लैससास परीक्षणको तयारी चरण

लैससास परीक्षणका लागि प्रशासन माहाशाखा प्रमुखको संयोजकत्वमा मन्त्रालयमा लैससास परीक्षण कार्यदल गठन गरिएको थियो। कार्यदललाई लैससासमैत्री वनाउन आवश्यक सहजीकरण गरिएको थियो।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

कार्यदलको बैठकले परीक्षणको मिति, स्थान, समय तथा सहभागी निर्धारण गर्न समन्वय गरेको थियो। साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति तथा प्रदेश सरकारले लागू गरेका विषयसँग सम्बन्धित नीति, ऐन, निर्देशिका, कार्यविधि तथा रणनीतिपत्रहरूको पुनरावलोकन गरि कार्यविधिको अनुसूची १ का ५० वटा सूचकहरूमा आधारित भइ अङ्क प्रदेन गरिएको थियो।

मन्त्रालयका दस्तावेजहरू (जस्तैः नीति, रणनीति, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक तथा वार्षिक समीक्षा, विभिन्न निर्णयहरू आदि) लाई लैससास दृष्टिकोणबाट पुनरावलोकन गरिएको थियो।

**कार्यदलको गठन यसप्रकार रहेको थियोः**

१. लैससास परीक्षण गर्ने निकायको प्रशासन वा रैससास महाशाखा प्रमुख- संयोजक
२. लैससास परीक्षण गर्ने निकायका अधिकृतस्तरका कर्मचारी- सदस्य
३. अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय- सदस्य
४. लैससास परीक्षण गर्ने निकायका लैङ्गिक सम्पर्क व्यक्ति- सदस्य-सचिव

उक्त कार्यदलले परीक्षण कार्यको सहजीकरण तथा परामर्शका लागि सम्बन्धित विषयका विज्ञ तथा कर्मचारीहरूलाई बैठकमा आमन्त्रण गरी सुझाव तथा सल्लाह लिई परीक्षण कार्य सम्पन्न गरेको थियो।

## ५.३ लैससास परीक्षणको कार्यान्वयन चरण

लैससास परीक्षण कार्य संस्थाको स्वमूल्याङ्कन कार्यक्रम भएकाले मन्त्रालयका सबै सम्बन्धित कर्मचारीहरूको सहभागिता सुनिश्चित गरिएको थियो।

त्यसैगरी, प्रत्येक विषय/क्षेत्रको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरूको पहिचान गर्न **SWOT Analysis** विधि प्रयोग गरिएको थियो। यस मन्त्रालयमा लागू भएका विषयसँग सम्बन्धित नीति, ऐन, निर्देशिका, कार्यविधि तथा रणनीतिपत्रहरूको पुनरावलोकन गरि कार्यविधिको अनुसूची १ का ५० वटा सूचकहरूमा आधारित भइ अङ्क प्रदेन गरिएको थियो।

पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरू समाधान गर्न कार्ययोजना तयार गरिएको थियो। उक्त कार्ययोजनालाई मन्त्रालयले नियमित रूपमा अनुगमन गर्दै सुधार भएका पक्षहरू अद्यावधिक गर्ने तथा सुधार गर्न बाँकी पक्षहरूका लागि पुनःकार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

## ६. अध्ययनको सीमाः

यस अध्ययन कार्यविधिका अनुसूचीहरुमा उल्लेखित सूचकहरुमा मात्र आधारित भइ सम्पन्न भएको हो। मन्त्रालयमा उपलब्ध अनुभव, अवलोकन तथा निरिक्षणबाट प्राप्त जानकारी र तथ्याङ्कका आधारमा यसको निष्कर्ष निकालिएको छ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## ७. लैङ्गिक परिक्षणका सहभागीहरू

यस मन्त्रालयमा लैससास परीक्षण गर्न देहाय बमोजिमको सहभागिता रहेको थियोः

- मन्त्रालयका प्रदेश सचिव डा. पशुपति ढुङ्गाना
- लैससास कार्यदलका सदस्यहरू

  प्रशासन माहाशाखा प्रमुख — श्री डिल्ली प्रसाद संजेल- संयोजक

  योजना हेर्ने अधिकृत- सुष्मा बन्जारा-सदस्य

  सामाजिक विकास मन्त्रालयका प्रतिनिधि- रोसुना कोईराला- सदस्य

  उद्योग, कृषि तथा सहकारी मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्ति- शर्वरी भट्टराई-सदस्य-सचिव

  विभिन्न माहाशाखा प्रमुखज्यूहरू

## ८. लैङ्गिक परिक्षण विश्लेषणका औजारहरूः

- कार्यविधिको अनुसूची-१ बमोजिमका ५० वटा सूचकहरू
- अनुसूची-३ बमोजिमको सबल/दुर्बल/अवसर/चुनौती विश्लेषण
- अनुसूची-४ बमोजिमको उपलब्धि
- अनुसूची-५ बमोजिमको कार्ययोजना
- मन्त्रालयका कर्मचारीबीच छलफल
- तथ्याङ्क/ कागजपत्र अध्ययन

## ९. लैङ्गिक परिक्षणबाट आएका मुख्य प्रासिहरूः

अनुसूची-१ को मूल्याङ्कनका आधारमा प्राप्त मुख्य उपलब्धीहरूः

### ९.१ नीति, कानून योजना तथा कार्यक्रमः

- वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति र कार्यक्रम समावेश गरिएको।
- मन्त्रालयका सबै ऐन, नियम र निर्देशिकाहरू आधिकारिक वेबसाइटमा सार्वजनिक गरी सूचनाको पहुँच सुनिश्चित गरिएको।
- महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग, क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमा गरिएको।

### ९.२. संस्थागत व्यवस्थाः

- मन्त्रालयको कुल कर्मचारी संख्यामा महिलाको प्रतिनिधित्व ३३ प्रतिशतभन्दा बढी रहेको।
- समावेशी र लैङ्गिक समानताका सवाल हेर्नका लागि अधिकृतस्तरको लैङ्गकि सम्पर्क व्यक्ति (Focal Person) तोकिएको।
- मन्त्रालयको विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका वर्ग र समुदायको प्रतिनिधित्व गरिएको।

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

९.३. मानव संसाधन तथा क्षमता विकास

- महिला कर्मचारीहरूका लागि मन्त्रालयमा शिशु स्याहारको लागि समय व्यवस्थापन गरिएको।
- लैससास (GESI) सम्बन्धी आधारभूत तालिम प्राप्त जनशक्ति मन्त्रालयमा उपलब्ध रहेको।
- मन्त्रालयको भौतिक पूर्वाधारमा अपाङ्गमैत्री र्याम्पको व्यवस्था भएको।

९.४. सुशासन तथा उत्तरदायित्व

- मन्त्रालयको सेवा प्रवाह र कार्यक्रमका बारेमा रेडियो, टेलिभिजन (NTV) र सामाजिक सञ्जाल (Facebook) मार्फत नियमित सूचना सम्प्रेषण हुने गरेको।
- नागरिक बडापत्रलाई पहुँचयुक्त ठाउमा राखिएको।

९.५. सेवा प्रवाह

- कृषि क्षेत्रका कृयाकलापहरू रेडियो मार्फत राई, लिम्बु, नेपाली र थारू भाषामा साप्ताहिक रूपमा संचालन गर्ने गरेको।
- महिला तथा लक्षित बर्गमैत्री योजना तथा कार्यक्रम निर्माण गरि संचालन गरिएको।

१०. लैससास बजेट परिक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

यस परिक्षणबाट उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था उत्तम रहेको पाइयो जसमा यस मन्त्रालयको ५८.३% नतिजा प्राप्त भयो। जसको क्षेत्रगत प्राप्तिहरू तपसिल बमोजिम रहेको देखिएको थियो।

| क्र.स | विषय क्षेत्र | कुल सूचक संख्या | प्राप्ताङ्क योग | प्रतिशत |
|---|---|---|---|---|
| १ | निति, कानून, योजना तथा कार्यक्रम | १० (९ मूल्याङ्कित) | ५.५ | ६१.११% |
| २ | संस्थागत व्यवस्था | १० | ८ | ८०.००% |
| ३ | मानव संसाधन तथा क्षमता विकास | १०(५ मूल्याङ्कित) | २.५ | ५०.००% |
| ४ | सुशासन तथा उत्तरदायित्व | १०(९ मूल्याङ्कित) | २ | २२.२२% |
| ५ | सेवा प्रवाह | १०(९ मूल्याङ्कित) | ६.५ | ७२.२२% |
| | जम्मा | ५० (४२ मूल्याङ्कित) | २४.५ | ५८.३% |

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

११. परिक्षण पश्चात सूचकहरूले प्राप्त गरेका अङ्क
कार्यविधिको अनुसूची-१ मा रहेका प्रत्यक सूचकहरूले प्राप्त गरेका अङ्कहरू अनुसूची १ मा रहेको छ। मन्त्रालयले उपलब्धी हासिल गरि पूर्णाङ्क प्राप्त गरेका सूचकहरू तपसिल बमोजिम रहेको छ।

| क.स | सूचक | प्राप्ताङ्क |
|---|---|---|
| १.२ | निति तथा कानूनी दस्तावेजमा कानूनी संवेदनशीलता | १ |
| १.४ | कानूनहरूको पहुँचयोग्यता | १ |
| १.६ | लक्षित वर्गलाई लाभ पुग्ने योजना तर्जुमा | १ |
| १.८ | लैससास नितिको प्रावधान बमोजिम बजेट विनियोजन | १ |
| २.१ | निर्णायक तहमा महिला तथा बन्चितिकरण समुदायको प्रतिनिधित्व | १ |
| २.३ | तालिम, भ्रमण, अध्ययन, जिम्मेवारी प्रदान गर्दा बन्चितिकरण समुदायको प्रतिनिधित्व | १ |
| २.४ | लैससास सम्पर्क व्यक्ति तोकिएको अवस्था | १ |
| २.६ | मन्त्रालयमा गठित समिति, उपसमिति र कार्यदलमा लैससासमैत्री सहभागिता | १ |
| २.७ | लैससासमैत्री खण्डिकृत तथ्याङ्क संकलन | १ |
| २.८ | लैससासमैत्री खण्डिकृत तथ्याङ्कको सार्वजनिकिकरण | १ |
| २.९ | खण्डिकृत तथ्याङ्कको विश्लेषण र निति तर्जुमा प्रयोग | १ |
| २.१० | नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था | १ |
| ३.४ | लैससास तालिम दिन सक्ने मानवीय श्रोतको व्यवस्था | १ |
| ४.१ | लैससास मैत्री भवनको व्यवस्था | १ |
| ५.२ | सेवा प्रवाहमा स्थानीय भाषाको प्रयोगको अवस्था | १ |
| ५.४ | सार्वजनिक परिक्षण/सुनुवाईमा सरोकारवालाहरूको उपस्थिती | १ |
| ५.५ | कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक वडापत्रको अवस्था | १ |
| ५.६ | सेवा प्रवाहका सुधारका क्षेत्रको पहिचान र कार्योयोजना निर्माण | १ |
| ५.९ | गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको सम्बोधन | १ |

**१२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू**

**१२.१ सबल पक्षहरु:**

(क) प्रदेश योजना आयोगसँगको समन्वयमा सहभागितामूक सुझाव संकलन गर्ने परिपाटी हुनु।

(ख) नियमित समिक्षा, MDAC बैठक हुनु।

(ग) मन्त्रालयबाट तयार पारिएको कानूनहरु Website मा सार्वजनिक गरिनु।

(घ) निर्णायक तहमा महिला र समावेशी प्रतिनिधित्व ३३ प्रतिशत भन्दा माथि रहेको ।

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

(ङ) लैससास सम्पर्क व्यक्ति र हेल्प डेस्कको व्यवस्था भएको ।

(च) लैङ्गिक तथा समावेशी विकासका लागि बजेट विनियोजन।

(छ) कर्मचारीको दक्षता / सीप अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्दा महिला, दलित, जनजाति र वञ्चितीकरणमा परेको वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी सहभागिता रहेको।

(ज) मन्त्रालयमा लैससास सम्वन्धी तालिम प्राप्त दक्ष जनशक्ति उपलव्ध हुनु ।

(झ) अपाङ्गमैत्री भवन, शौचालय, खानेपानीको व्यवस्था सहितको भवन रहेको देखिएको ।

(ञ) शिशु स्याहारका लागि समय व्यवस्थापनको सुविधाहरू रहेको ।

(ट) कृषि सम्बन्धी कार्यक्रम रेडियो मार्फत विभिन्न स्थानिय भाषामा प्रसारण गर्ने गरिएको।

(ठ) योजना तथा कार्यक्रम निर्माणमा महिला तथा लक्षित समूह कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन भएको।

(ड) नागरिक वडापत्र तयार पारी पहुँचयोग्य ठाउमा राखिएको ।

## १२.२ सुधार गर्नुपर्ने पक्ष/चुनौतीहरू

(क) GESI परीक्षणका लागि बजेटको व्यवस्था गर्नु पर्ने।

(ख) हरेक वार्षिक योजनामा लैससास परीक्षणले औंल्याएका सुझावहरूलाई समावेश गरिनुपर्ने।

(ग) PLMBIS प्रणालीमा लैङ्गिक संकेत प्रविष्टि गर्नुपर्ने।

(घ) नीतिगत सुधारका लागि छुट्टै बजेट र कार्ययोजनाको अभाव ।

(ङ) स्थिर सरकार नहुँदा निति तथा कानून कार्यान्वयनमा समस्या।

(च) लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने छुट्टै संयन्त्र नभएको।

(छ) कार्यालयका कर्मचारी तथा पदाधिकारीका लागि लैससासमैत्री कानून निर्माण प्रक्रिया सम्वन्धी अभिमुखीकरण नभएको।

(ज) नियमित अभिमुखीकरणको अभावमा कर्मचारीहरूमा लैससास संवेदनशीलता कम हुन सक्ने जोखिम रहेको।

(झ) शिशु स्याहार र स्तनपान कक्षको व्यवस्था नभएको ।

(ञ) महिला सौचालयमा स्यानिटरी प्याडको व्यवस्था नभएको।

(ट) सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण नियमित रूपमा नभएको ।

(ठ) यौन शोषण तथा दुर्व्यवहार विरुद्धको स्पष्ट आचारसंहिता निर्माण नभएको।

(ड) उजुरी सुन्ने संयन्त्र र आचारसंहिताको अभावमा कार्यस्थलमा हुनसक्ने यौनहिंसा सम्बोधन चुनौतीपूर्ण हुनु।

(ढ) यौन शोषण तथा दुर्व्यवहार विरुद्धको स्पष्ट आचारसंहिता निर्माण नभएको।

(ण) सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारम तयार नभएको साथै परीक्षण गर्ने नगरिएको ।

(त) सेवा प्रवाहको लैससासमैत्री विशिष्ट मापदण्ड तयार नभएको ।

(थ) समावेशी मापदण्डको अभावमा सबै वर्गको पहुँच समान रूपमा सुनिश्चित गर्न कठिन हुनु ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## १३. लैङ्गिक तथा समावेशी विकास कार्ययोजना

लैससास परीक्षणका क्रममा पहिगान गरिएका दुर्बल पक्षहरूलाई कार्यविधिको अनुसूची-५ बमोजिम विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ। सो कार्ययोजनामा निम्न विषयहरू समावेश गरिएका छन्

- नीति, कानुन, योजना तथा कार्यक्रम
- संस्थागत व्यवस्था
- मानव संसाधन तथा क्षमता विकास
- सुशासन तथा उत्तरदायित्व
- सेवा प्रवाह

## १४. निष्कर्ष

यस मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा कुल ५० पूर्णाङ्कमा यस मन्त्रालयमा ८ वटा सूचक असम्बन्धित रहेको पाइयो। कार्यदलको वैठकले उक्त असम्बन्धित सूचकहरूलाई कुल सूचकबाट हटाई सो सुचकलाई असम्बन्धित (N/A) राख्ने र बाँकी सूचकहरूलाई सतप्रतिशत मानी मूल्याङ्कन गर्ने निर्णयानुसार मूल्याङ्कन भएका कुल ४२ वटा सूचकहरुमा मन्त्रालयले २४.५ अङ्क प्राप्त गरि ५८.३% प्राप्त गरेको छ। जसका आधारमा मन्त्रालयको अवस्था उत्तम (कार्यविधिको व्यवस्था अनुसार ५०-७५% अङ्क प्राप्त गर्दा उत्तम हुने) देखिएको छ। मन्त्रालयले नीति, कानुन, योजना तथा कार्यक्रम, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सुशासन तथा उत्तरदायित्व र सेवा प्रवाहका ५ वटै क्षेत्रमा लैससासका सवालहरूलाई केहि समेट्ने प्रयास गरेको पाइन्छ। लैससास परिक्षणका लागि बजेटको व्यवस्था नभएको साथै अघिल्लो आर्थिक वर्षको लैससास परिक्षणको आवश्यक सुझावहरू सम्पुर्ण रूपले लागू नगरिएको, मन्त्रालयमा लैङ्गिक हिंसा विरुद्दको उजुरी दर्ता गर्ने संयन्त्रको व्यवस्था नभएको, गर्भवती तथा सुत्केरी कर्मचारीहरुका लागि आराम कक्षको व्यवस्था नभएको, यस मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूलाई लैससासमैत्री कानून निर्माण प्रकृया सम्बन्धी अभिमुखीकरण नभएको, यौनशोषण तथा दुर्व्यवहार विरुद्दको आचारसंहिता नबनेको, नागरिक सन्तुष्टि सर्वेक्षण नभएको जस्ता क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ।

## १५. सुझाव

उद्योग, कृषि तथा सहकारी मन्त्रालयको लैससास परिक्षण कार्यदलले यस मन्त्रालयलाई लैससास दृष्टिकोणबाट सबल बनाउनका लागि माथि उल्लेखित ५ वटै क्षेत्रमा उल्लेख्य कार्य गरेको तथा भइरहेको देखिएको छ, तथापी यसलाई आगामी दिनमा समेत अझ थप सशक्त बनाउन केहि सुझावहरू प्रस्तुत गरिएको छ।

- आगामी आर्थिक वर्षको बजेट कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट सङ्केत स्पष्ट रुपमा उल्लेख गरि बजेट विनियोजन गर्नुपर्ने।
- लैससास विकासका लागि बजेट बिनियोजन एवं खर्च गर्ने कार्यविधि लागू गरि विकास गर्नुपर्ने।
- लक्षित समुदायका लागि भवन आचारसंहिता बमोजिम भवन निर्माणमा जोड दिनुपर्ने।
- मन्त्रालय र मातहतका निकायहरूमा कार्यरत कर्मचारीहरूका लागि लैससास मूलप्रवाहिकरण सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने।
- यौनशोषण तथा दुर्व्यवहार विरुद्दको आचारसंहिता बनाई लागू गर्नुपर्ने।

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

- महिला सौचालयमा स्यानिटरी प्याडको व्यवस्था गर्नुपर्ने।
- अति गरिव तथा लोपन्मुख समुदायका व्यक्तिलाई सेवा प्रवाहमा सहुलियतको व्यवस्था गर्नुपर्ने।
- नागरिक सन्तुष्टी सर्वेक्षण फारम तयार गरि बिकास गर्नुपर्ने।
- लैससास परिक्षण नियमित रूपमा गराउनुपर्ने।

प्रदेश सचिव

अनुसूची-१

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**निकायको नामः** उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

**परीक्षण अवधिः** आर्थिक बर्ष २०८१/८२

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि विषयगत सूचकहरु

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अङ्क आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क | कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १.नीति, कानून, योजना तथा कार्यक्रम | १.१ नीति, कानून तथा समावेशी तथा सहभागीमूलक विकासका लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवाला महिला तथा सामाजिक रूपमा पछाडि पारिएको वर्ग समुदायका प्रतिनिधि तथा सरोकारवालाको सुझाव कार्यान्वयनको अवस्था | सुझाव लिई कार्यान्वयन गर्ने गरेको | सुझाव लिने गरेको तर कार्यान्वयन नगरेको | सुझाव लिने नगरेको | मन्त्रालय तथा कार्यालय र प्रदेशको कानून, नीति, योजना निर्माणको क्रममा सुझाव लिएको प्रतिवेदन | ०.५ | १. जिल्लास्तरमा गोष्ठी गरि निति तथा कार्यक्रमकालागि सुझाव लिने गरेको र सुझाव बाट आएका न्यूनतम कुराहरूमात्र सम्बोधन भएका। ( सुझाव संकलन परामर्श गोष्ठीमा सहभागीको विवरण जिल्लास्थित कार्यालयमा रहेको)। | |
| | १.२ नीति तथा कानूनी दस्तावेज र मस्यौदाको विषयवस्तु, शब्द चयन र | सबै नीति तथा कानूनी दस्तावेज र | केही मात्रामा लैससास | लैससास संवेदनशील, समावेशी र | नीति तथा कानूनी दस्तावेज | १ | १. वार्षिक बजेट, नीति तथा कार्यक्रमका बुदाहरुमा साथै मन्त्रालयबाट तर्जुमा भएका नीति | |

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रावधानमा लैससास संवेदनशीलता, समावेशीता र सहभागिता | मस्यौदा विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | संवेदनशील, समावेशी र सहभागी मूलक भएका | सहभागीमूलक नभएका | | | कानूनहरुको शब्द चयनमा लैससास संवेदनशीलता अवलम्बन गरिएको देखिएको । | |
| | १.३ मन्त्रालय तथा मातहतका निकाय / कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई अभिमुखीकरणको अवस्था | कम्तीमा ३ वर्षदेखि नियमित अभिमुखीकरण गर्ने गरेको | पछिल्लो ३ वर्षमा आंशिक रूपमा अभिमुखीकरण गर्ने गरेको | अभिमुखीकरण गर्ने नगरिएको | वार्षिक बजेट तथा कार्यक्रम, उपस्थिति प्रतिवेदन | ० | हालसम्म अभिमुखिकरण गर्न नसकिएको। | |
| | १.४ प्रदेश सरकार तथा अन्तर्गतका मन्त्रालयले जारी गरेका कानूनहरूको पहुँचयोग्यता | सबै कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा राखेको | केही मात्र कानूनहरू सबैको पहुँचयोग्य हुने गरी | कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा नराखिएको | वेबसाइटको स्क्रिनसट वा लिङ्क | १ | मन्त्रालयले जारी गरेका सम्पुर्ण कानूनहरु वेबसाइटमा सार्वजनिक भएको देखिएको । | |

प्रदेश सचिव

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | वेबसाइट मा राखेको | | | | | |
| | १.५ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति र कार्यक्रम | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति तथा कार्यक्रम समावेश भई बजेट विनियोजन भई कार्यान्वयनमा आएको | बजेट विनियोजन भएको तर कार्यान्वयनमा नआएको | समावेश नगरिएको | वार्षिक बजेट तथा कार्यक्रम, कार्यप्रगति प्रतिवेदन | १ | १. आ.व. २०८१/८२ मा आमा समूह मार्फत बिषादी सचेतना फैलाउने गरेको।<br>२. घरेलु तथा साना उद्योग कार्यालयद्वारा सीपमूलक तालिम संचालन गरिएको। | |
| | १.६ महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमाको अवस्था | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन भएको | समावेश भएको तर कार्यान्वयन नभएको | समावेश नभएको | कार्यान्वयन गरेको योजनाको सूची | १ | १. महिला, दलित तथा पिछडिएको समूहलाई विषादीरहित खाना सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिएको<br>२. घरेलु कार्यलयद्वारा उद्यम विकास तथा रोजगार तालिम<br>३. दलित समुदायमा उद्यम प्रवर्द्धन कार्यक्रम<br>४. महिला तथा एकल महिलालाई | |

उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल | | | उद्यम प्रवर्द्धन कार्यक्रम<br>५. विपन्न, सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | |
| | १.७ लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टिको अवस्था | लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप पूर्ण रूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | आंशिक रूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि नगरिएको | बजेट सूचना प्रणालीको प्रविष्टिखण्ड | N/A | GRB कोडिङ्ग टयाब एक्टिब नभएको | |
| | १.८ महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजनको अवस्था | बजेट विनियोजन भई कार्यान्वयन भएको | बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको | बजेट विनियोजन नभएको | वार्षिक कार्यक्रम तथा बजेट, प्रगति प्रतिवेदन | १ | वार्षिक बजेटमा लैससास नीतिको प्रावधान प्रदेश अन्तर्गत तथा स्थानिय तहमा बित्तिय हस्तान्तरण मार्फत बजेट विनियोजन भएको । | |
| | १.९ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेट व्यवस्था | बजेट व्यवस्था गर्ने गरेको | बजेट व्यवस्था गरेको | बजेट व्यवस्था नगरेको र परीक्षण गर्ने | बजेट तथा कार्यक्रम, परीक्षण प्रतिवेदन | ० | बजेट व्यवस्था हाल सम्म नभएको | |

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | तर परीक्षण गर्ने नगरेको | नगरेको | | | | |
| | १.१० लैससास परीक्षणमा औंल्याइएका सुधार, सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेशको अवस्था | वार्षिक योजनामा समावेश भई कार्यान्वयनमा आएको | वार्षिक योजनामा समावेश भएको तर कार्यान्वयनमा नआएको | समावेश नभएको | बजेट तथा कार्यक्रम, कार्यान्वयन प्रतिवेदन | ० | नभएको । | |
| जम्मा | | | | | | ५.५ | | |
| २. संस्थागत व्यवस्था | २.१ निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व (कम्तीमा सचिव, महाशाखा प्रमुख, कर्मचारी र नियुक्त पदाधिकारी) | कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व भएको | कम्तीमा २५ प्रतिशत प्रतिनिधित्व भएको | २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व भएको | महिला तथा वञ्चितीकरणमा परेका व्यक्तिहरूको नामावली र उपस्थिति, बैठकको निर्णय | १ | नीर्णायक तहमा जेसी प्रतिनिधित्व ३३ प्रतिशत माथि रहेको । जसमा<br>१. मा. मन्त्री खगेनसी हाङ्नाम<br>२. महाशाखा प्रमुख सरिता पोखेल<br>३. महाशाखा प्रमुख दीपा दिवाली<br>४. महाशाखा प्रमुख लक्ष्मी पराजुली आचार्य | |
| | २.२ श्रेणीविहीन र प्राविधिक कर्मचारीको | समानुपातिक प्रतिनिधित्व | रणनीति बनेको | रणनीति नबनेको | रणनीतिको दस्तावेज, भर्ना कर्मचारीको | ० | कार्यान्वयनमा आएको तर रणनीति नबनाएको । | |

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | करारमा पदपूर्ति गर्दा सबै जातजाति, लिङ्ग, वर्ग र समुदायको प्रतिनिधित्व | हुन सक्ने रणनीति बनाई कार्यान्वयनमा आएको | तर कार्यान्वयनमा नआएको | | विवरण, विज्ञापनमा स्पष्ट रूपमा उल्लेख भएको | | | |
| | २.३ कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेदारी) प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी / पदाधिकारीहरूलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीति अनुरूप प्रतिनिधित्वको अवस्था | सकारात्मक विभेदको नीति निर्माण भई पूर्ण कार्यान्वयनमा आएको | सकारात्मक विभेदको नीति निर्माण मात्र गरिएको तर आंशिक रूपमा मात्र कार्यान्वयनमा आएको | सकारात्मक विभेदको नीति नगरिएको | प्रतिनिधित्व गराउने सम्बन्धी नीति वा निर्णय, प्रतिनिधित्व भएको कर्मचारी वा पदाधिकारीको विवरण | १ | बैदेशिक भ्रमणमा गएका प्रतिनिधिहरु<br>१. डा. दीपा दिवाली<br>२. डा. देव कुमार दर्लामी<br>३. अशोक हाङ्गाम<br>४. हिमा गौतम | |
| | २.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाइ / शाखा र कार्यान्वयन समितिको व्यवस्था वा लैससास सम्पर्क व्यक्ति तोकिएको अवस्था | व्यवस्था भएको | व्यवस्था गर्ने निर्णय भएको | व्यवस्था नभएको | इकाइ/शाखा र डेस्कको स्थापना गर्ने निर्णय वा नीति, स्थापना भएको प्रमाण | १ | लैङ्गिक सम्पर्क व्यक्ति खाद्य अनुसन्धान अधिकृत बिमला पोखेललाई तोकिएको र Help Desk स्थापना भएको देखिएको । | |
| | २.५ मन्त्रालय तथा | छुट्टै उजुरी | कानूनमा | कुनै पनि निर्णय | उजुरी संयन्त्र सम्बन्धी | ० | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता | |

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यालयमा लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने संयन्त्रको व्यवस्था | संयन्त्रको व्यवस्था भएको | भएको व्यवस्था बमोजिम निर्णय भई कार्यान्वयनमा आएको | नभएको | निर्णय पुस्तिका, प्राप्त गुनासा वा परामर्श तथा फछ्र्यौटको विवरण | | गर्ने छुट्टै संयन्त्र नभएको । | |
| | २.६ मन्त्रालय तथा अन्तर्गत कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका वर्ग, समुदायहरूको सहभागिता तथा प्रतिनिधित्वको अवस्था | ३३ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको | १० देखि ३३ प्रतिशत सम्म प्रतिनिधित्व रहेको | १० प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको | समितिको संरचना र नाम सहितको विवरण | १ | मन्त्रालयबाट गठन भएका बजेट समिति,तहवृद्धि समिति, O&M समिति, खरिद समिति लगायतका समितिमा सबै वर्ग समुदायको सहभागिता रहेको देखिएको । | |
| | २.७ लैससासमैत्री खण्डीकृत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको अवस्था | पूर्ण रूपमा व्यवस्थापन गर्ने गरिएको | आंशिक रूपमा मात्र भएको | कुनै पनि व्यवस्था नभएको | बैठक पुस्तिका र निर्णय, तथ्याङ्क अद्यावधिक प्रतिवेदन | १ | तथ्याङ्क अद्यावधिक प्रतिवेदन सार्वजनिकरण गर्ने गरेको। | |
| | २.८ खण्डीकृत तथ्याङ्कको सार्वजनिकीकरण | अर्धवार्षिक रूपमा नियमित सार्वजनिकीकरण गरेको | वार्षिक रूपमा सार्वजनिकीकरण नगरेको | सार्वजनिकीकरण नगरेको | सार्वजनिकीकरण प्रतिवेदन | १ | तथ्याङ्क अद्यावधिक प्रतिवेदन सार्वजनिकरण गर्ने गरेको। | |

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २.९ खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोगं | खण्डीकृत तथ्याङ्कको विश्लेषण भई सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने गरेको | विश्लेषण हुने गरेको तर सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने नगरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण गर्ने नगरेको | तथ्याङ्क विश्लेषण तथा समीक्षा प्रतिवेदन, वार्षिक नीति, कार्यक्रम तथा बजेट | १ | तथ्याङ्कको आधारमा बार्षिक निति तथा कार्यक्रम पश्चात बजेट निर्माण। | |
| | २.१० नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था | भएको र प्रभावकारी रूपमा कार्य भएको | स्थापना भएको तर प्रभावकारी नदेखिएको | स्थापना नै नभएको | व्यवस्थित नागरिक सहायता तथा सोधपुछ कक्ष | १ | हेल्पडेक्स स्थापना भएको । | |
| जम्मा | | | | | | ८ | | |
| ३. मानव संसाधन तथा क्षमता | ३.१ लैङ्गिक तथा समावेशी विकासको लागि बजेट विनियोजन एवं खर्च गर्ने कार्यविधि | छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको र | छुट्टै शीर्षकमा बजेट विनियोज | छुट्टै शीर्षकमा बजेट विनियोजन नभएको | वार्षिक बजेट किताब र खर्च गर्ने कार्यविधि | ०.५ | आ.ब. २०८१/८२ को घरेलु कार्यालयका लागि बजेट विनियोजन हुने गरेको र कार्यक्रम कार्यान्वयन निर्देशिका भनि जारी गरेको। | |

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विकास | | यस्तो रकम खर्च गर्ने कार्यविधि भएको | न हुने गरेको तर खर्च गर्ने कार्यविधि स्वीकृत नभएको | | | | | |
| | ३.२ मन्त्रालयमा तथा मातहतका निकायमा कार्यरत कर्मचारीको दक्षता / सीप अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाति लगायत वञ्चितीकरणमा परेको वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी वा पदाधिकारीको सहभागिता | ४० प्रतिशत भन्दा बढी लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारीको सहभागिता भएको | २५ देखि ४० प्रतिशत सम्म सहभागिता भएको | २५ प्रतिशत भन्दा कम सहभागिता भएको | कर्मचारीको विवरण, तालिममा सहभागी कर्मचारीको विवरण | ०.५ | क्षमता अभिवृद्धि कार्यक्रममा सहभागिता रहेको देखिएको | |
| | ३.३ भवन आचारसंहिता तथा कार्यालयको भौतिक संरचना तयार गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गरिएको | मापदण्ड अनुरूप शत प्रतिशत तयार भएको | आंशिक रूपमा मात्र तयार भएको | नभएको | संरचनाको कार्यसम्पन्न प्रतिवेदन, भवन वा संरचनाको नक्सा, डिजाइन | ०.५ | मन्त्रालय परिपरमा पहुँचयुक्त शौचालय सहितको भवन संरचना तयार भएको देखिएको । | |

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय स्रोतको अवस्था | यथेष्ट मानवीय स्रोत रहेको | न्यून मानवीय स्रोत रहेको | नरहेको | विषयगत तालिम प्राप्त जनशक्ति सङ्ख्या विवरण | १ | डा. दीपा दिवाली<br>बिमला पोखेल | |
| | ३.५ विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत समितिमा लक्षित वर्गको प्रतिनिधित्व | कार्यविधि अनुरूप भएको | आंशिक रूपमा मात्र भएको | नभएको | विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यविधि | N/A | | |
| | ३.६ प्रदेश सरकारको विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापनमा लाभान्वित समूहका महिला तथा वञ्चितीकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण | पूर्ण रूपमा खण्डीकृत तथ्याङ्क राखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | आंशिक तथ्याङ्क राखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | तथ्याङ्क नराखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | तथ्याङ्क सङ्कलन तथा राहत वितरणको सूची | N/A | | |
